बागमती प्रदेश सरकार

# श्रम, रोजगार तथा यातायात मन्त्रालय

हेटौंडा, नेपाल

## ड्राइभिङ तालिमका लागि प्रशिक्षार्थी छनौट गरी सिफारिस गर्ने सम्बन्धी सूचना

(तेस्रो पटक प्रकाशित मिति २०८२/०९/०३)

बागमती प्रदेशका सबै स्थानीय तहहरूको लागि यस मन्त्रालयको चालु आर्थिक वर्ष २०८२/८३ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत ३०० जना महिला-पुरुषलाई वर्ग B (कार, जिप, डेलिभरी भ्यान) को ड्राइभिङ तालिम कार्यक्रम सञ्चालन गर्न बजेट विनियोजन भएकोले सो कार्यको लागि तपसिल बमोजिमको छनौट सर्तहरूको आधारमा प्रशिक्षार्थीहरू छनौट गरी सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र सिफारिस सहित यस मन्त्रालयमा अथवा मन्त्रालयको इमेल molet@bagamati.gov.np मा पठाउनहुन यो सूचना प्रकाशित गरिएको छ।

<u>छनौटका सर्तहरू:</u>

१. साधारण लेखपढ गर्न सक्ने बागमती प्रदेशमा स्थायी बसोबास भएको नेपाली नागरिक।

२. न्यूनतम उमेर १८ वर्ष पुरा भई ४५ वर्ष उमेर ननाघेको।

३. स्थानीय तहमा बेरोजगार सूचिमा भएको, साथै अल्पसंख्यक जाति, गरिबीको रेखामुनि रहेका नागरिक, आदिवासी/जनजाति, महिला, मधेशी, दलित, द्वन्द्व पीडित, सहिदका परिवार र सीमान्तकृत/अति सीमान्तकृत वर्गका व्यक्तिहरू।

४. मान्यता प्राप्त चिकित्सकले स्वास्थ्य परीक्षण गरि दिएको निरोगिताको प्रमाणपत्र।

नोटः

- सर्तमा उल्लेख भएका सबै विवरण खुल्ने आधिकारिक प्रमाणपत्रको प्रतिलिपि अनिवार्य रूपमा लिई प्रशिक्षार्थी छनौट गरी सिफारिस साथ उक्त कागजातहरू पेश गर्नुपर्नेछ।
- तालिमको मिति, समय र स्थान सहित छनौट भएका प्रशिक्षार्थीको विवरण छनौट आधार सहित वेबसाइट मार्फत पछि जानकारी गराइनेछ।
- सूचना अवधिको अन्तिम दिन सार्वजनिक बिदा परेमा कार्यालय खुलेको पहिलो दिनको कार्यालय समयलाई अन्तिम दिन मानिनेछ।

महाशाखा प्रमुख